का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ भदौ २०७९,
बिहीबार
8 September 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सिट बाँडफाँट कार्यदलको प्रतिवेदन तयार**

# अझै टुगिंएन निर्वाचन क्षेत्र

प्रनिनिधिसभा र प्रदेशसभाको क्षेत्रको बाडफाँट टुंग्याउन गठित सत्ता गठबन्धनको कार्यदलले प्रतिवेदन तयार पारेका छन् । जसमा सिट संख्या तोक्ने जिम्मा शीर्ष नेताहरुलाई नै छाडिएको छ ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

प्रनिनिधिसभा र प्रदेशसभाको क्षेत्रको बाडफाँट टुंग्याउन गठित पाँच दलीय सत्ता गठबन्धनको कार्यदलले प्रतिवेदन तयार पारेको छ। तर, कसले कहाँ लिने भनेर निर्वाचन क्षेत्र टुगिंएको छैन् । प्रतिवेदनमा सिट संख्या तोक्ने जिम्मा शीर्ष नेताहरुलाई नै छाडिएको छ।

बैठकले प्रतिवेदनलाई अन्तिमरुप दिएको नेताहरुले बताएका छन् । तर, सिट संख्या तोक्ने जिम्मा भने शीर्ष नेताहरुलाई छाडिदिएको उनीहरुको भनाइ छ।

कार्यदल सदस्य नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनका अनुसार प्रतिवेदन टुंगिएको छ, भोलि बिहान फेरि बसेर शीष नेतृत्वलाई बुझाइनेछ । उनी भन्छन्, 'प्रतिवेदन टुंग्यायौं, अब शीर्ष नेताहरुलाई बुझाउँछौं ।' २० साउनमा गठित ११ सदस्यीय कार्यदलले प्रतिवेदन तयार पारेको हो । जसमा कांग्रेसबाट महामन्त्री गगन थापा, कृष्ण सिटौला र ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र) बाट वर्षमान पुन र देव गुरुङ सदस्य रहेका छन्।

त्यस्तै, नेकपा (एकीकृत समाजवादी) बाट महासचिव बेदुराम भुसाल र प्रमेश हमाल, जनता समाजवादी पार्टी (जसपा)बाट रामसहायप्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य रहेका छन् । कार्यदलले साउन मसान्तभित्र सबै निर्वाचन क्षेत्रको तथ्य आकलन गरी सीट बाँडफाँडको खाका तयार गर्ने जिम्मेवारी पाएको थियो । त्यसका आधारमा गठबन्धनका शीर्ष नेताको बैठकले भदौ पहिलो साता सीट बाँडफाँडका विषयमा निर्णय गर्ने गठबन्धनको निर्णय थियो। तर, ढिलो गरि कार्यदलले प्रतिवेदन तयार पारेको हो। ढिलो गर्दा पनि निर्वाचन क्षेत्र टुगिंएको छैन्।

तथापि, नेताहरुका अनुसार पाँच दलीय सत्ता गठबन्धन एक ढिक्का भएर ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावमा जानेमा दुबिधा छैन् । बरु दलहरुले सिट संख्यामा बढि भन्दा बढी आफूसँग राख्ने प्रयास गरिरहेका छन् । प्रत्यक्षतर्फ १६५ सदस्यीय प्रतिनिधिसभाको सिटका लागि नेपाली कांग्रेसले १००, माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जनता समाजवादीले २५ र राष्ट्रिय जनमोर्चाले २ क्षेत्रमा दाबी गर्दै आएको छ। दलहरुका दाबी यथावत छन्। यसबारे अब शीर्ष नेताहरुले नै निर्णय लिनेछन्।

# पार्टी फेरबदलको होड

चुनाव नजिकिदैं गर्दा विभिन्न कारणवश पार्टी छोड्नेको लहरै चल्न थालेको छ । यद्यपि, पटक पटक पार्टी परिवर्तन गर्नेहरु कहीं पनि स्थिर हुन नसक्ने र कुशल नेतृत्वदायी भूमिका पनि नहुने कतिपयको भनाई छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै गर्दा पार्टी परिवर्तन गर्नेहरुको होडबाजी नै चल्न थालेको छ । कतिपय आगामी निर्वाचनमा उम्मेद्वारको टिकट नपाउने अवस्था बनेपछि पार्टी फेर्न थालेका छन् भने केहीले आन्तरिक असन्तुष्टिका कारण पार्टी परित्याग गर्न थालेका छन्। गत भदौ १५ गते एकीकृत समाजवादी पार्टी परित्याग गरि सुदूरपश्चिम प्रदेश कमिटीका पूर्व अध्यक्ष, उपाध्यक्ष, पूर्वमन्त्री र पूर्वमेयर सहितको टोली एमालेमा प्रवेश गरेका छन्।

सुदूरपश्चिमका पूर्व आर्थिक मामिला मन्त्री समेत रहेका प्रदेशसभा सदस्य तारा लामा तामाङ, समाजवादीका सुदूरपश्चिम प्रदेश कमिटीका पूर्व अध्यक्ष विक्रमबहादुर शाही, वेदकोट नगरपालिकाका पूर्वमेयर समेत रहेका समाजवादीका जिल्ला उपाध्यक्ष अशोक कुमार चन्द सहितका नेता कार्यकर्ता एमालेमा गएका हुन्।

त्यस्तै, पाल्पाको तानसेन नगरपालिकामा दुई कार्यकाल मेयर बनेका एमाले नेता अशोककुमार शाही नेकपा एकीकृत समाजवादीमा प्रवेश गरका छन् । एमालेबाट स्थानीय निर्वाचनमा मेयरको टिकट नपाएपछि उनले एमाले परित्याग गरेका हुन्।

त्यस्तै रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका पूर्वअध्यक्ष बब्लु शुक्ला केहीदिनअघि मात्रै जनमत पार्टीमा प्रवेश गरेका छन्।



*एकीकृत समाजवादीका कर्णाली प्रदेश कमिटीका सदस्य गणेशबहादुर शाहीलाई पार्टी प्रवेश गराउँदै एमाले अध्यक्ष केपी शर्मा ओली ।*

अघिल्लो स्थानीय निर्वाचनमा फोरम लोकतान्त्रिकबाट उम्मेदवार भई जितेका शुक्ला केही समयपछि एमाले प्रवेश गरे। अनि वर्षदिन नपुग्दै माओवादी केन्द्रमा पुगेका उनी फेरि जनमत पार्टीमा प्रवेश गरेका हुन्।

नेपाल सदभावना पार्टीका कपिलवस्तुका नेता दानबहादुर चौधरी एमालेमा प्रवेश गरेर सांसद भए। त्यसपछि उनी मधेस मधेसी जनअधिकार फोरममा हुँदै बाबुराम भट्टराईको नयाँ शक्ति र जनता समाजवादी पार्टीमा उपाध्यक्ष भए । तर, त्यहाँबाट आगामी निर्वाचनमा टिकट पाउने सम्भावना नभएपछि उनी पुन एमालेमै फर्किएका छन्।

त्यस्तै, गत सोमबार मात्रै जनता समाजवादी पार्टीका स्थायी कमिटी सदस्य रणबहादुर रम्तेल सहितका नेता कार्यकर्ता नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन्। नेता रम्तेल एमाले, माओवादी, नयाँशक्ति र जसपा हुँदै अहिले एकीकृत समाजवादीमा प्रवेश गरेका हुन्। त्यस्तै, एकीकृत समाजवादीका केन्द्रीय सदस्यहरु नरेश भण्डारी र गणेश खनाल पुनः एमालेमा फर्किएका छन् । पार्टी विभाजन पछि समाजवादीमा रहेका उनीहरु पार्टी एकताको घोषणा गर्दै एमालेमै फर्किएका हुन् । चुनावको नजिकिदैं गर्दा विभिन्न कारणवश पार्टी छोड्नेको लहरै चल्न थालेको छ । यद्यपि, पटक पटक पार्टी परिवर्तन गर्नेहरु कहीँ पनि स्थिर हुन नसक्ने र कुशल नेतृत्वदायी भूमिका पनि नहुने कतिपयको भनाई छ।

**सन्दीपविरुद्ध बलात्कारको आरोप**

# पुष्टि भए १२ वर्षसम्म कैद

कम उमेरमै आफ्नो क्षमता मार्फत समाजमा असल छवि बनाएका सेलिब्रेटीहरुका यस्ता घटनाले समाजमा नकारात्मक सन्देश दिने भएकाले सत्यतथ्य छानविन गरी दोषीलाई तत्काल कारबाही गनुपर्ने कानुन व्यवसायीहरु बताँउछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ भदौ

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि नाबालिगलाई जबरजस्ती करणी गरेको आरोप लागेको छ। कप्तान लामिछानेविरुद्ध मंगलबार एक १७ वर्षीया किशोरीले जबरजस्ती करणीको आरोपमा प्रहरीकोमा उजुरी दिएकी छन्।

प्रहरी वृत्त गौशालामा बुधबार लामिछानेविरुद्ध किटानी जाहेरी दर्ता भएको जिल्ला प्रहरी परिसर, काठमाडौंले जानकारी दिएको छ । कप्तान लामिछानेविरुद्ध १७ वर्षीय किशोरीको जबरजस्ती करणीको



उजुरी परेसँगै यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

आरोप लगाउने किशोरीको स्वास्थ्य परीक्षण गरिएको पनि प्रहरीले जनाएको छ । प्रहरीद्वारा सो जाहेरी दरखास्त दर्ता गरी पीडितलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगि विस्तृत स्वास्थ्य परीक्षण गराइएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त गौशालाबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीद्वारा उक्त घटनामा सूक्ष्मरूपमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। उजुरीमा किशोरीले गत भदौ ५ गते काठमाडौं र भक्तपुरको विभिन्न स्थानहरूमा लगि काठमाडौं ल्याई बलात्कार गरेको आरोप लगाएकी छिन्।

सन्दीप र पीडित किशोरी काठमाडौंको होटलमा करिब सात घन्टा बसेको प्रहरी अनुसन्धानमा खुलेको छ। मंगलबार प्रहरी वृत्त गौशालामा जाहेरी परेसँगै प्रहरीले प्रमाणहरू संकलन गर्न थालेको छ । प्रमाणस्वरूप भदौ ५ गते राति सन्दीप र ती किशोरी राति ११:५५ मा होटल पसेको देखिएको छ।

– बाँकी पृष्ठ २ मा

# कोरियाबाट फर्केका कामदारका लागि एक अर्ब सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ

सरकारले दक्षिण कोरियाको रोजगारीबाट फर्केका कामदार हरूको स्थिर पुनःएकीकरण सम्बन्धी आयोजना सञ्चालनका लागि कोरियाबाट प्राप्त हुने ८ मिलियन अमेरिकी डलर करिब एक अर्ब रूपैयाँ अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषदको गत सोमबार बसेको बैठकको निर्णय सार्वजनिक गर्दै नेपाल सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिएका हुन्।

दक्षिण कोरीयाले ईपीएसमार्फत् कामदार लाने १५ देशमध्ये नमुना परियोजनाका रूपमा काम गर्न नेपाललाई उक्त सहयोग गरेको हो । नेपालमा नमुना परियोजना (पाइलट प्रोजेक्ट)का रूपमा शुरु गरी सफल भएमा अन्य देशमा परियोजना सञ्चालन गर्ने कोरियाली अधिकारीहरूले यसअघि नै बताइसकेका छन्।

सहायता रकमबाट वैदेशिक रोजगारीबाट नेपाल फर्किएका कामदारलाई थप दक्ष बनाउँदै नेपालमै रोजगारीको अवसर सिर्जना गर्न वा स्वरोजगार बनाउने लक्ष्य राखिएको छ । वैदेशिक रोजगारीमा गएका नेपाली कामदारलाई नेपालमा पुनर्स्थापन गर्न अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) तथा अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आईओएम), स्वीट्जरल्याण्ड सामी परियोजना जस्ता हालसम्म १२ वटा संस्था र देशले सहयोग गर्न चाहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

नेपाल फर्किएका कामदारलाई सहायता गर्ने आईएलओ, आईओएम, कोरियाको कोईका तथा जापानको जाईका, कतार, साउदी अरब र यूएईजस्ता देशले प्रस्ताव गरेका छन् । तर ठोस् सहयोग दक्षिण कोरियाबाट मात्रै आएको हो।

मन्त्रालयले वैदेशिक रोजगारबाट फर्केका नेपाली कामदारको पुनर्स्थापन तथा पुनःएकीकरणका लागि गत साउन ३१ गते वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ जारी गरेको छ । दक्षिण कोरियाले नेपाली कामदारहरूलाई तालिम दिन बुटवलमा तालिम केन्द्र सञ्चालनमा ल्याइसकेको छ भने महोत्तरीको बर्दिबासमा तालिम केन्द्र बनाउँदै छ।

**वैदेशिक रोजगार विशेष**

## कार्यालय प्रमुख अर्याल पुरस्कृत



काठमाडौं/मस- वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलका प्रमुख रमेश अर्याल निजामती सेवा पुरस्कार, २०७९ बाट पुरस्कृत भएका छन्। लामो समय भ्रष्ट कार्यालयका रूपमा बदनाम उक्त कार्यालयमा सहसचिव अर्याल कार्यालय प्रमुख भएपछि प्रविधिको माध्यमबाट श्रम स्वीकृति प्रदान गरेर नमुना कार्यालयको सार्वजनिक छवि कायम भएको छ । कार्यालय प्रमुख अर्याल निजामती पुरस्कारबाट सम्मानित भएपनि आफुहरूले दुःख मात्रै पाएको उनी मातहतका कर्मचारीको गुनासो छ।

यसैबीच वैदेशिक रोजगार विभागका निर्देशक डम्बरबहादुर सुनुवारको सरूवा भएको छ। विभागमा उद्धार तथा राहत समन्वय शाखा निर्देशकको

– बाँकी पृष्ठ २ मा



# सरकारले कोरियाले दिने १ अर्ब सहायता स्वीकार गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ

सरकारले कोरिया सरकारले दिने १ अर्ब सहायता स्वीकार गर्ने निर्णय गरेको छ । बुधबार मन्त्रिपरिषद्को बैठकमा भएका निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कोरियाको रोजगारीबाट फर्किएका श्रमिक कामदारहरूको स्थीर पुनः एकीकरण सम्बन्धी आयोजना सञ्चालनका लागि कोरियाबाट प्राप्त हुने ८ मिलियन अमेरिकी डलर सहायता स्वीकार गर्ने निर्णय गरेको जानकारी दिए ।

यस्तै सरकारले नेपाल भारत वाणिज्य सचिव स्तरीय अन्तरसरकारी समिति र सहसचिव स्तरीय अन्तरसरकारी उससमितिको बैठकका लागि वार्ता टोली गणन गर्ने निर्णय गरेको छ ।

यस्तै भदौं २७ र २८ गते सिंगापुरमा आयोजना हुने फ्याक्ट इन्टरपोल राउन्ड टेवलमा इन्गेजमेन्ट कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयका सचिवलाई सहभागि हुन् स्वीकृत दिने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिए ।

यस्तै सरकारले कार्तिक १८ देखि २१ गते सम्म भुटानको पारोमा आयोजना हुने जेन्डर इक्वालेटी एण्ड सोसल इक्वेजन फ्रेमवर्क विषयक सम्मेलनमा सहभागि हुन राष्ट्रिय योजना अयोगका सदस्य सोलुनी प्रधान सिहलाई स्वीकृत प्रदान गर्ने, नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीलाई भाद्र २० गतेदेखि २३ गतेसम्म जोर्डनमा आयोजना हुने कार्यक्रममा भाग लिन स्वीकृत दिने, कोरियाको रोजगारीबाट फर्किएका श्रमिक कामदारहरूको स्थीर पुनः एकीकरण सम्बन्धी आयोजना सञ्चालनका लागि गणतन्त्र कोरियाबाट प्राप्त हुने ८ मिलियन अमेरिकी डलर साहयता स्वीकार गर्ने, निजीकरण समितिको सदस्यमा राजेन्द्र कुमार केसी र कृष्णलाल महर्जनलाई मनोनयन गर्ने, असोज १० गतेदेखि १४ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना



हुने एसियाली विकास बैंकको बोर्ड अफ गर्भनर्सको ५५ वार्षीक बैठकमा भाग लिन अर्थमन्त्रीको नेतृत्वमा प्रतिनिधि मण्डललाई सहभागि हुन स्वीकृत दिने निर्णय गरेको छ ।

यस्तै नेपाल भारत वाणिज्य सचिव स्तरीय अन्तरसरकारी समिति र सहसचिव स्तरीय अन्तरसरकारी उससमितिको बैठकका लागि वार्ता टोली गणन गर्ने, कार्तिक १४ देखि १८ सम्म क्यानाडाको थर्ड फोर्थ मिटिङ अफ द पार्टीज अफ मन्ट्रीयल प्रोटोकल कार्यक्रममा नेपाल सरकारको तर्फबाट भाग लिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिवलाई स्वीकृत दिने, खानेपानी मन्त्रालय अन्तर्गत सञ्चालित २० वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू र अन्य १३ वटा आयोजनाहरूमा आर्थिक वर्ष २०७९/८० मा आवश्यक पर्ने राजपत्राकिंत तहको अस्थायी दरवन्दी स्वीकृत गर्ने, स्पेन सरकारबाट अम्बिका श्रेष्ठ, अर्चना श्रेष्ठ , संगिता श्रेष्ठ, बसन्तकुमार चौधरी र प्रविण कुमार प्रधानलाई प्रदान गरिने पदक ग्रहण गर्न स्वीकृत दिने निर्णय गरेको छ ।

यस्तै असोज २७ देखि कार्तिक २ सम्म अमेरिकामा इन्टरनेसनल एसोसिएसन अफ चिफ अफ पुलिस कन्फ्रेन्स कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंह र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायण दत्त पौडेललाई सहभागि हुन स्वीकृत दिने, भारतीय विदेश सचिवको निमन्त्रणमा परराष्ट्र सचिव भरतराज पौडेलको नेतृत्वको प्रतिनिधि मण्डललाई २८ देखि २९ भदौं सम्म भारत भ्रमणका लागि स्वीकृत दिने, सप्तरी जिल्ला हाल राजविजार नगरपालिका १३ वडास्थित सरकारी जग्गा मधेश कृषि विश्वविद्यालय सप्तरीलाई लिजमा उपलव्ध गराउन स्वीकृत दिने, बालसुधार गृह भक्तपुर कास्की मोरङ र बाकेको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी न्यूनतम सुविधाविहीन बालबालिकाको लागि शैक्षिक कार्यक्रम यूसेफ नेपाललाई व्यवस्थापन करार गर्न स्वीकृत दिने, भाद्र २७ देखि ३१ सम्म बेलजियको ब्रसेल्समा अयोाजना हुने युथ पोलिटिकल एण्ड सिभिल इगेज्मेन्ट समिट अफ द डेमोक्रेसीमा युवा तथा खेलकुद मन्त्रालयका सचिव डा.दामोदर पौडेललाई सहभागि हुन स्वीकृत दिने, राष्ट्रिय खेलकुद नियमावली २०७९ स्वीकृत गर्ने र भाद्र २७ देखि २९ गतेसम्म सिनेगलमा हुने एलडीसी स्ट्राटेजी एण्ड एलडीसी मिनिस्ट्रीयल मिटिङ कार्यक्रममा वन तथा वातावरण मन्त्रीलाई सहभागि हुन स्वीकृत दिने निर्णय गरेको छ ।

यस्तै मेची महाकाली विद्युतीय रेल मार्ग सिमरा बर्दिवास खण्ड निर्माणका लागि सर्लाही जिल्लाको राष्ट्रिय वनको ८ हेक्टर क्षेत्रफल प्रयोग गर्न स्वीकृत दिने, नेपाल सरकार र अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीबीच हुने कन्ट्र प्रोगाम फ्रेम वर्क २०२२ देखि २०२७ स्वीकृत गरि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीलाई नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अख्तियारी दिने, असोज ७ देखि ११ सम्म अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको अष्ट्रिया भियनामा हुने कार्यक्रमहरूमा सहभागि हुन शिक्षा विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल नेतृत्वको प्रतिनिधि मण्डललाई स्वीकृत दिने, कार्तिक २८ देखि ३० गतेसम्म उजेकस्थानमा आयोजना हुने वर्ल्ड कन्फ्रेन्स अन अर्लि चाइल्वुड कियर एण्ड एजुकेसन सम्बन्धी कार्यक्रममा शिक्षा विज्ञान तथा प्रविधि राज्यमन्त्रीलाई सहभागि हुन स्वीकृत दिने, शहिद दशरथचन्द्र स्वास्थ शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती दिने र नेदरल्याण्ड र वेल्जियममा असोज २४ गतेदेखि २८ गते सम्म सञ्चालन हुने इन्टरनेसनल स्टडी टुर अफ द युरोपीयन युनियन विषयक कार्यक्रममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेधीलाई सहभागि हुन स्वीकृत दिने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिए ।

यस्तै बैठकले छेडागाड नगरपालिका जाजरकोट, मुडकेचुला गाउँपालिका रोल्पा र जगदुल्ला गाउँपालिका डोल्पाको केन्द्र परिवर्तन गर्न स्वीकृत दिने, मलेसियाको राजधानी क्वालालमपुरमा असोज ४ देखि ७ गते सम्म अयोजना हुने ९ औं सिटी नेट अफ कंग्रेस सिटी अफ अल एक्टिभेटीङ एक्सेस फर अरवन ग्रोथ विषयक कार्यक्रममा विराटनगर महानगरपालिका प्रमुख नागेश कोइराला ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनलाई सहभागिताका लागि स्वीकृत प्रदान गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७९/८० का लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने विभिन्न अधिकृत तहको अस्थायी दरवन्दी स्वीकृत गर्ने समेत निर्णय गरेको मन्त्री कार्कीले जानकारी गराए ।

# सर्वोच्चले बोलायो आयोगलाई

**विराटनगर/मस–** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न रोक लगाउने निर्णयविरुद्ध परेको रिटउपर सर्वोच्च अदालतले विपक्षी निर्वाचन आयोगलाई छलफलका लागि बोलाएको छ ।

निर्वाचन आयोगले प्रदेश नं १ सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च नगर्न दिएको निर्देशनविरुद्ध प्रदेशसभाका चार सदस्यले सर्वोच्चमा रिट दर्ता गराएकामा अदालतले त्यस्तो आदेश दिएको हो ।



अदालतको आदेशबमोजिम अब निर्वाचन आयोगले अदालतमा के कति कारणले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न रोक लगाएको हो सो विषयमा स्पष्ट पार्नुपर्ने छ ।

यही भदौ २० गते प्रदेशसभा सदस्य सरिता थापा, मोहनकुमार खड्का, सावित्राकुमारी रेग्मी र पदमकुमारी गुरुङले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न पाउनुपर्ने उत्प्रेषण आदेश माग गर्दै निर्वाचन आयोगको निर्देशनविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए ।

पहिलो पेशी तोकिएकोमा उक्त मुद्दामा प्रदेश नं १ सरकारका कानुनविज्ञ अधिवक्ता पेशलकुमार न्यौपानेले बहस गरेका थिए ।

उनले बहसका क्रममा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको रकम खर्च गर्न निर्वाचन आचारसंहिता बाधक नबन्ने जिकिर गर्दै आयोगको निर्देशनउपर उत्प्रेषण आदेशको माग गरेका छन् ।

विषयको गाम्भीर्यता हेरी आयोगसमेतलाई थप छलफलका लागि बोलाउने अदालतले आदेश दिएको अधिवक्ता न्यौपानेले जानकारी दिएका थिए ।

प्रदेश सरकारले विगतकै निरन्तरताअनुरुप चालु आर्थिक वर्षमा पनि प्रतिसदस्य रु एक करोड बराबरको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत योजना छनोट गर्न पाउने व्यवस्था गरेको छ । कार्यक्रमअन्तर्गतको रकमको खर्च भने स्थानीय तहबाट हुने कानुनी प्रबन्ध छ । प्रदेश सरकारले बजेट जारी गर्दाको सयममा प्रदेशसभामा भएका मौजुदा ९० जना सदस्यका लागि कूल रु ९० करोड बजेट विनियोजन गरेको छ तर, निर्वाचन आयोगले भदौ ३ गते प्रेस विज्ञप्ति जारी गर्दै चुनावको मिति घोषणा भइसकेकाले उक्त रकम खर्च गर्नु आचारसंहिताविपरीत हुने भन्दै बजेट कार्यान्वयन नगर्न प्रदेश सरकारलाई निर्देशन दिएको छ । रिट निवेदक प्रदेशसभा सदस्यले निर्वाचन आयोगको उक्त निर्देशन संवैधानिक एवं कानुनी भूमिकाको ख्याल नगरी आएको दाबी गरेका छन् ।

प्रदेशका सदस्यले प्रदेश सरकारले चुनावको मिति घोषणा नभईकन उक्त रकम विनियोजन गरेको र खर्च गर्न नपाउँदा जनताको विकासको अधिकार कुण्ठित हुने भन्दै कार्यान्वयनको बाधा फुकाउनुपर्ने माग गर्नुभएको छ ।

आर्थिक समानता, सामाजिक न्याय, समावेशी सिद्धान्तअनुसार विकासको अधिकार सुनिश्चित गर्न सरकारले विनियोजन गरेको उक्त रकम प्रदेशसभा सदस्यले खर्च गर्न पाउनुपर्ने माग रिट निवेदनमा उल्लेख छ ।

# इन्द्रजात्राको गरिमा अन्तर्राष्ट्रियकरण गर्न आवश्यक

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले इन्द्रजात्रा पर्वको सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएको बताएका छन् ।

इन्द्रजात्रा २०७९ मनाउन महानगरको तयारीका विषयमा जानकारी दिन आयोजना गरिएको पत्रकार भेटघाट कार्यक्रममा प्रमुख शाहले मानव सिर्जित सम्पदाको सुन्दरता र यी भौतिक सम्पदासँग जोडिएका अमूर्त सम्पदाको मिश्रणले जात्राको महत्वलाई उच्च बनाएको उल्लेख गरे ।

प्रमुख शाहले, पर्व अवलोकन गर्न भगिनी सम्बन्ध भएका नगरबाट पर्व अवलोकनका लागि निमन्त्रणा गरिएको जानकारी दिए ।

पर्वको सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा सामाजिक पक्षको अन्तरघुलनका विषयमा चर्चा गर्दै भेटघाटका क्रममा उपप्रमुख सुनिता डंगोलले, धार्मिक सहअस्तित्वका प्रतीकका रुपमा पर्वलाई लिन सकिने बताए ।

## सन्दीपविरुद्ध...

प्रहरीले काठमाडौं-९ सिनामंगलस्थित उनीहरू बसेको होटलको सिसिटिभी फुटेज पनि संकलन गरेको छ। प्रहरीले उनीहरू कोठा नम्बर ३०५ मा बसेको बताएको छ । त्यहाँ करिब सात घन्टा बसेर भदौ ६ गते फर्किएको देखिएको छ । बिहान ६ बजेर ४६ मिनेटमा उनीहरू सँगै होटलबाट फर्किएको फुटेजमा देखिएको प्रहरी स्रोतको दाबी छ ।

### क्यानले तत्काल छानविन नगर्ने

सन्दीपमाथि लागेको नाबालिका करणी आरोपका विषयमा नेपाल क्रिकेट संघ (क्यान)ले तत्काल केही छानविन नगर्ने बताएको छ । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले सन्दीपलाई आरोप मात्र लागेको र अनुसन्धानकै क्रममा रहेकाले यस विषयमा क्यानले तत्काल केही नगर्ने बताए । उनले कानुनीरुपमा पुष्टि नभइञ्जेल सन्दीपलाई निलम्बन वा कुनै पनि किसिमको कारबाही नगर्ने बताए ।

### सेलिब्रेटी नै दुर्व्यवहारमा संलग्न

पछिल्ला समय देशका आशालाग्दा युवा सेलिब्रेटिहरुले बाल यौन दुर्व्यवहार गरेका घटना सार्वजनिक भइरहेका छन्। पछिल्लो पटक क्रिकेटर सन्दीप लामिछानेमाथि यौन दुर्व्यवहारको आरोप लागेपछि सेलिब्रेटीका विषयमा अनेक प्रश्न उठन थालेका छन् । बाल यौन दुरुपयोगमा दोषी ठहर भएका अभिनेता पल शाहलाई मंगलबार साढे दुई वर्ष कैद भए लगतै सन्दीपको विषय बाहिरिएको छ ।

कम उमेरमै आफ्नो क्षमता मार्फत समाजमा असल छवि बनाएका सेलिब्रेटीहरु यस्ता घटनामा संग्लन भएसँगै चौतर्फी आलोचना भइरहेको छ । यस्ता घटनाले समाजमा नकारात्मक सन्देश दिने भएकाले सत्यतथ्य छानविन गरी दोषीलाई तत्काल कारबाही गनुपर्ने कानुन व्यवसायीहरु बताँउछन् ।

### सजायको व्यवस्था

सन्दीपमाथि लागेको अभियोग पुष्टि भए बलात्कार गरेको अभियोगमा मात्रै १० वर्षदेखि १२ वर्षसम्म कैद सजाय हुनसक्छ। मुलुकी अपराध संहिताको दफा २१९ को जबरजस्ती करणी गर्न नहुने कसूरको उपदफा (३) (घ) मा पीडित १६ वर्षदेखि माथि १८ वर्षसम्म भए १० देखि १२ वर्षसम्म कैद सजाय हुने भनिएको छ । उपदफा २ मा १८ वर्षभन्दा कम उमेरका कुनै बालिकासँग सहमतिमा सम्बन्ध राखे पनि करणी भएको मानिने भनिएको छ ।

## कार्यालय...

जिम्मेवारीमा रहेका सुनुवार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सरूवा भएका छन्। त्यसैगरी मन्त्रालयमा कार्यरत उपसचिव थानेश्वर भुसालको पनि सरूवा भएको छ । भुसाल मन्त्रालयबाट बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद सचिवालयमा सरूवा भएका छन् ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/२३**

**ए.आर.भेईकल्स एण्ड ट्रान्सपोर्ट सर्भिस प्रा.लि.** को मिति २०७९/०५/०८ गते मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गढिमाई अटो एण्ड ट्राभल्स प्रा.लि. (प्रा. लि. नं.: १८४७४८)**, कायम गर्ने र साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. १७ लाई परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. जारी गरिएको मिति २०७९/०५/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**
**सूचना प्रकाशित मितिः २०७९/०५/२३**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजतपत्र प्राप्त श्री **योङ्ग ओभरसिज प्रा.लि.** (ई.प.नं. ६०८/०६२/०६३) ले यस विभाग समक्ष इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेण्टी फकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा सो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७९/०५/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**UAE मा वैदेशिक राजगार | कम्पनीः Max Secure Security Services LLC शहरः DUBAI**

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७४८६ L.T. No.: 261242 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard Male | 50 | 0 | स. काममा दक्ष | 1600 | ५५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ 30 गते (15 September 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL** Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

**UAE, मा वैदेशिक रोजगारको अवसर**

कम्पनीः ARMED FORCES OFFICERS CLUB & HOTEL शहरःUAE,ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/०५/२१ चलानी नं.: ६०१८७०२७ L.T. No.:271371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 35 | 20 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 25 | 0 | | 1000 | ३४,७०० | | | | | | | |
| 3. | Restaurant Worker | 40 | 0 | | 1000 | ३४,७०० | | | | | | | |
| 4. | Waiter | 65 | 0 | | 1300 | ४५,११० | | | | | | | |
| 5. | Waitress | 0 | 35 | | 1300 | ४५,११० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ भदौ ३० गते (15 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)

**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेशियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : PMB ALUMINIUM SDN BHD Malaysia, Klang
रोजगारदाता कम्पनी : पिएमबी एल्युमिनियम एसडिएन. बिएचडी. मलेशिया, क्लाङ

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०५/१० | चलानी नं.:६०१८६२१४ | एल टी नं.: २७०३७८ |
| Pre Approval Date: 27/08/2022 | Consignment No.:60186214 | L.T. No.: 270378 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facility बस्ने सुविध | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 १०० | 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 42,510 ४२,५१० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/ No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

**PMB Aluminium Sdn Bhd doesn't impose any Recruitment/Placement Fee for this employment.**
पिएमबी एल्युमिनियम एसडिएन. बिएचडी. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Maven Recruitment Services Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

Note (नोट):
– आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
– Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
– प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
– Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted daily basis in our office Premises.**
प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।
**Final Interview will be conducted on 15 & 16 September 2022 in Royal Banquet & Restaurant, Tinkune, Kathmandu.**
फाइनल अन्तर्वार्ता मिति २०७९ भदौ ३० र ३१ गते रोयल ब्याङ्क्युट एण्ड रेष्टुरेन्ट, तिनकुने, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Maven Recruitment Services Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पार दर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल mavenrs2017@gmail.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at mavenrs2017@gmail.com, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

Gov. Lic No. 1081/073/074
**Maven Recruitment Services Pvt. Ltd.**
साविकको : Baby Star International Pvt. Ltd.
Sinamangol-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

# संघर्षले चिनिएकी राधिका : १६ सयको मेसिनले बनायो सफल व्यवसायी

**तारा भट्टराई/मध्यान्ह**
इटहरी, २२ भदौ

भनिन्छ जिन्दगीमा दुःख नगरी सुख आउँदैन त्योसँगै संघर्ष नगरी परिचय बन्दैन यो भनाइलाई व्यवहारिक रूपमा उतार्न सफल भएकी छिन् इटहरीकी राधिका कार्की थापा ।

हातमा सीप भएर पनि रोजगारी नपाउँदा भौतारिएर बिदेशिने युवा पुस्ताका लागि गतिलो उदाहरण हुन् राधिका ।

बाल्यकालमा भोगेको दुःख, युवावस्थामा आइपरेको पारिवारिक बोझ र काधमा जिम्मेवारले भरिएको भारी तैपनि कहिले हरेस नखाएका ती अठोटकाबीच उदाहरण छिन् उनी ।

बाल्यकालदेखि नै गरेको दुःख र संघर्षके कारण अहिले उनको जीवन फेरिएको छ ।

एक दर्जन बढी सामाजिक संघसंस्थामा क्रियाशिल भएकी राधिका अहिले सफल व्यवसायीसँगै पहिचान पनि बेग्लै छ ।

हिजोको दिनमा रोजगारी नपाएर इटहरीको सडकमा भौतारीनु भएकी राधिका आज आफैं १० हजार भन्दा बढी युवा युवतीलाई उपयुक्त सीप सिकाएर रोजगार समेत दिलाइसक्नुभएको छ । बाल्यअवस्था देखि अहिलेको अवस्थासम्म आइपुग्न उनलाई त्यति सजिलो भने थिएन उनले भोग्नुपरेको कष्ट र समस्यालाई पन्छाउँदै प्राप्त गरेको सफलताको कथा यस्तो छ। वि.स.२०३० सालमा झापाको गौरीगाउँमा माता लीला माया कार्की र पिता रूद्रबहादुर कार्कीको कोखबाट जन्मिएकी राधिका परिवारकी साइली छोरी हुन्। आमा बुवा साथै दिदीहरु कामकाज मेलापात गर्दा आफू मूनिको बहिनीहरूको हेर चाह र घर धन्दा तथा खेतिवारी गर्दै बाल्यकाल बिताएकी राधिकाको किशोर अवस्था पनि त्यतिकै दुःख र संघर्षले नै बित्यो ।

बाबा रूद्रबहादुर कार्कीको शारीरिक अवस्था बिग्रदै गएपछि परिवारको जिम्मेवारी पनि थपिएपछि राधिकाले अध्ययन पनि राम्रो गर्न पाइनन् । स्थानीय गाउँमा रहेको विद्यालयबाट २ सम्मको अध्यनपछि पढाइलाई बिट मार्दै रोजगारीको खोजिमा निस्किइन् ।

झापाको दुर्गम ठाउँ गौरी गाउँबाट सपरिवार नै २०५२ सालमा मोरङको सलकपुर झरेको कार्की परिवार मध्येकी साइली छोरी राधिका २०५३ सालमा इटहरी आएकी थिइन् ।

हातमा सीप छदैछ भनेर सुगम शहर इटहरीलाई रोजेर कर्मथलो बनाउँदा सुरू सुरूमा उनलाई निकै कठिनाइ परेको थियो ।

सीप मात्र नभइ गोजीमा पैसा पनि हुनुपर्ने रहेछ भन्ने आभाष उनले इटहरी शहरबाट सिकेको पहिलो पाठ थियो । मोरङको सुन्दरहरैचास्थित सलकपुरमा सपरिवार छोडेर एक्लै संघर्ष गर्न उनी इटहरी बसाइ थालेकी थिइन् ।

रोजे जस्तो सुगम शहर भएपनि यहाँको वातावरणमा घुलमुलिन उनलाई निकै मुस्किल परेको थियो। शहर त आइयो तर बिहान बेलुका हातमुख जोडनै धाउधाउ हुन थाल्यो । हातमा सीप भएर पनि कुनै जागिर नपाउनु राधिकाको लागि अर्को तनाव थियो । घरको पारिवारिक अवस्था बारे सोचेर राधिकाले यहि शहरबाटै पहिलो संघर्ष थालिन् ।

आमाले लगाएको तिलहरी बेचेर रू.१६०० मा एक सिलाइ मेसिन जोड्दै इटहरीको सटर भाडामा लिइ व्यवसाय शुरू गरिन् ।



व्यवसायकै दौरानमा उनले इटहरीका व्यवसायी रमेश थापासँग प्रेम विवाह गरिन्। विवाह पश्चात् पनि व्यवसायलाई निरन्तरता दिँदै जाँदा एक वर्षभित्रै सफलता पाइन्। एउटा मेसिन लिएर शुरू गरेको सिलाइ बुनाइको काम अब ३ वटा हुन पुग्यो। यो क्रम संख्या प्रत्येक वर्ष बढ्दै जान थाल्यो र २० वटासम्म पुग्यो। विवाह पश्चात श्रीमान र आफ्नो माइती पक्षका बाबा आमाले दिएको साथ सलाह र सुझावले व्यवसायबाट राम्रो उपलब्धी हात पारेको राधिका सुनाउँछिन् ।

त्यो बेला बाबा रूद्रबहादुरले भन्नुभएको उपदेश कानमा गुञ्जी रहन्छ। राधिका भन्छिन्, 'बाबा भन्नुहुन्थ्यो कि जीवनमा जस्तो सुकै परिस्थिति आएपनि कहिल्यै हिम्मत नहार्नु । व्यवसाय शुरु गर्दा सुरूमा नचलेको देख्दा मन विरक्तिन्थ्यो । विदेश जाने मन हुन्थ्यो । यस्तो बेला बाबाको उपदेश काम लाग्थ्यो' उनी भन्छिन् । बाबा रूद्र बहादुर कार्की शारीरिक रूपमा कमजोर भएपनि दिमागी अवस्था तेज भएको कारण छोरी राधिकालाई बेला बेलामा बिभिन्न हौसला प्रदान गरिरहन्थे ।

बाबाको यस्तै हौशलाकै कारण आफुले हिम्मत नहारेको थप उर्जा आएको र काममा निरन्तर लागेको राधिका सुनाउँछिन् ।

बिस्तारै उनको जीवन बदलिँदै गयो र सामान्य राधिकाबाट अहिले सफल व्यवसायी हुँदै इटहरी मात्र नभइ अन्तर्राष्ट्रिय स्तरमा पनि चिनिन सफल भएकी छन् ।

करिब एक दर्जन सामाजिक संघ संस्थाहरूमा क्रियायाशिल राधिका समाज सेवासँगै राजनीतिमा पनि त्यतिकै सक्रिय छिन् ।

नेपाली कांग्रेस सुनसरी जिल्लाकी सक्रिय सदस्य समेत रहेकी राधिका स्थानीय निर्वाचन २०७९ मा पनि इटहरी उपमहानगरमा पार्टिका उम्मेद्वारलाइ जिताउन महत्वपुर्ण भुमिका निर्वाह गरेकी थिइन् ।

आफु व्यवसायकै माध्यमबाट सफल भइसकेपछि समाजबाट पिछाडिएका तथा विपन्न महिलाहरूलाई अब्बल बनाउन राधिकाले २०६७ सालमा महिला सीप विकाश केन्द्रको स्थापना गरिन्। हातमा सीप भएर रोजगारी नपाएकाहरूलाई रोजगारी दिने र सीप नभएकाहरूलाई सीप दिलाएर रोजगारी प्रदान गर्ने नेपालकै सिर्जनशिल महिलामध्ये राधिका पनि पछिन् ।

त्यो बेला हातमा सीप भएर पनि केहि गर्ने लगानी गरिदिने मान्छे नहुँदा तनावमा बसेको दिन स्मरण गर्दै राधिका भन्छिन्, 'अब लगानी नभएर कोहि भौतारिनु परेको छैन । २०६७ सालमा स्थापना भएको महिला सीप विकाश केन्द्र १२ औं वर्षमा प्रवेश गरिरहँदा करिब १० हजार महिला तथा पुरूषहरूले रोजगार पाइसकेको उनको भनाइ छ । यहिबाट सीप सिकेर कोहि मन्त्रालयका कर्मचारी त कोहि स्थानीय तहमा जागिर खाइरहेको र कोहि सफल व्यवसाय बनिसकेको राधिका बताउँछिन् ।

रोजगार नपाएर भौतारिएका हजारौं किशोर किशोरीहरलाइ सीप दिलाएर रोजगार प्रदान गर्ने जस्तो उत्कृस्ट काम गरेवापत राधिकालाइ अन्तर्राष्ट्रिय अवार्डबाट पनि सम्मान गरिएको छ। यतिमात्र नभइ उनले जीवनमा गरेको संघर्षका कथाहरू अहिले बेलायतका प्रसिद्ध अखबारहरूमा छापिएका छन् । बेलायतको प्रसिद्ध लिभरपुल जोन मुरे युनिभर्सिटीले तयार पारेको नेपालका २५ जना उर्जाशिल र संघर्षशिल महिलाहरूको सूचीमा राधिका पनि पर्छिन् ।

उक्त युनिभर्सिटीले राधिकाको संघर्ष र पाउको सफलताबारे वर्णन गर्दै पुस्तकमा उतारेको छ ।

यस्तै समाजसेवामा सक्रिय भूमिका निर्वाह गरेवापत उनलाइ दर्जन बढी विभिन्न विधाका अवार्डहरूले पनि सम्मान गरिएको छ । महिलाहरूलाई रोजगार दिलाउने मात्र हैन राधिकाले पहिलो पटक घर छोडेर बाहिर बस्दा भोग्नुपरेको पिडा र समस्यालाई मध्यनजर गर्दै सडकमा भौतारिएर कस्टकर जीवन बिताइरहेकाहरुलाई पनि उद्धार गर्ने सोच बनाउँदै उनीहरूको पुनरूत्थानका लागि माया घर नेपालको परिकल्पना समेत गरिन् ।

जसको परिकल्पना अनुसार नै अहिले इटहरीको हवाइचौकमा माया घर नेपाल स्थापना भइ सडकमा कस्टकर जीवन बिताइ रहेकाहरूलाई उद्धार गर्दै आइरहेको छ। जीवनमा धेरै कुराहरू प्राप्त भए धेरै कुराहरू गुमाइए तर समग्रमा भन्नुपर्दा राधिकालाई इटहरीबाट बेलायतसम्म पुऱ्याउन त्यो रू.१६०० को सिलाई मेसिन नै लक्की बनेको बताउँछिन् । इटहरी ४ स्थायी बसोबास भएकी राधिकाको हाल एक श्रीमान २ छोरी र १ छोरा छन् ।


## Panchkhal Municipality
## Office Of Municipal Executives
Panchkhal, Kavrepalanchok
Bagmati Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2079/05/22**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction work (as mentioned in table below) under National Competitive Bidding procedures.**

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMW6/NCB/ WORKS/01/2079/080 | TINPIPLE SCHOOL TO BALUWA ROAD UPGRADING | 49,23,547.62/- | 1,10,000/- | 3,000/- |
| 2 | PMW13/NCB/ WORKS/01/2079/080 | KALINJOR TO KABIRE ROAD UPGRADING | 44,55,415.37/- | 1,00,000/- | 3,000/- |

| Office code | Name of the bank, office account no | Time and place for Pre bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period |
|---|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग १.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता) (for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at 2:00 PM, 2079/06/13 | on or before 12:00 Noon on 2079/06/24 | at 1:00 PM, 2079/06/24 at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of ***Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or*** may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative officer**



**प्रदेश सरकार, लुम्बिनी प्रदेश**
**स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय**
## गुल्मी अस्पताल तम्घास, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना (सूचना नं. ०१।०७९।०८०)**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०५।२३**

यस गुल्मी अस्पताल तम्घासको लागि तपसिल बमोजिमका पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको वा रित नपुगेको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह/ श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७९/ ०८० | Obstetrician & Gynecologist/ Medical Generalist/DGO/MO | नवौं/ आठौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्शा सम्वन्धि MD Obs & Gyn/MDGP/DGO/MBBS गरी ASBA तालिम लिएकोवासो सरह उत्तीर्ण गरेको । | कार्यक्रम (अस्पताल मातृ तथा नवशिशु ) |
| २ | ०२/०७९/ ०८० | एनेस्थेसीया सहायक | पाँचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ. वा स्टाफ नर्स कोर्स उत्तीर्ण गरी एक वर्ष एनेस्थेसीया सम्बन्धी तालिम लिएको । | दरवन्दी करार |
| ३ | ०३/७९/ ०८० | रेडियोग्राफर | पाँचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको र सम्वन्धित परिषदमा दर्ता भएको | अस्पताल विकास समिती अन्तरगत |
| ४ | ०४/७९/ ०८० | सहायक कम्युटर अपरेटर | चौथो | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट र SEE/SLC कोर्स उत्तीर्ण गरी कम्तिमा ३ महिने कम्प्युटर सम्बन्धी तालिम रजिष्टर्ड संस्थाबाट लिएको हुनुपर्ने | अस्पताल विकास समिती अन्तरगत |

* परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता र (चौथो तहको लागि प्रयोगात्मक)
* दरखास्त दस्तुर र बुझाउने स्थान :नवौ तहको लागि रु १०००।, पाचौ तहको लागि रु ४००।- र चौथो तहको लागि रु. ३००।-रा.बा.बैंक राजश्व खाता नं १०००२०००१०००० कार्यालय कोड ३७००१५२०२५राजश्व शीर्षक नं १४२२४ मा परीक्षा दस्तुर बुझाउनु पर्ने छ अन्यथा जम्मा भएको दस्तुर फिर्ता हुने छैन ।
* दरखास्त फाराम पाइने तथा बुझाउने स्थान: www.gulmihospital.lumbini.gov.np बाट फाराम डाउनलोड गर्ने र नागरिकता, न्युनतम शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्रका प्रतिलिपी, परीक्षा दस्तुरको सक्कल भौचर सहीत निवेदन बुझाउनुपर्नेछ ।
* दरखास्त दिने अन्तिम मिति :२०७९।०६।०६ गते कार्यालय समय भित्र ।
* उम्मेदवारको उमेरको हद : मिति२०७९।०६।०६ गते सम्म सहायक कम्युटर अपरेटर चौथो तह लागि १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको र एनेस्थेसीया सहायक, रेडियोग्राफरका लागि १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको र Obstetrician and Gynecologist/Medical Generalist/DGO/MO नवौ/आठौ तहको लागि २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।
* तलब:-आपसी संझौता अनुसार
* सम्पर्क मिति:- २०७९।०६।०७
* परीक्षा मिति र परीक्षा केन्द्र : सम्पर्क मितिका दिन जानकारी गराइने छ ।
* अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा हुने मिति र स्थान : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**द्रष्टव्य**
√ कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
√ काउन्सिल दर्ता आवश्यक पर्ने पदहरुमा उम्मेदवारले सम्बन्धित परिषदमा दर्ता भएको (म्याद ननाघेको) प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।
√ लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
√ दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
√ यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ। थप जानकारीको लागि गुल्मी अस्पताल तम्घास (फोन नं. ०७९५२००२४) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**कार्यालय प्रमुख**



## सिदिङ्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु,ताप्लेजुङ
प्रदेश नं.१

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०५/२३**

यस गाउँपालिको कार्यालयबाट क्रमश: मिति २०७९/०४/१८ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकन समितिबाट न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित ) |
|---|---|---|---|---|
| 1 | SRM/TPJ/ NCB/Works/ Foot–trails/Guest House/2079/ 080–01 | Tawanagi To Timbung Pokhari Tourism Foot–trail And Infrastructure Development. | Papaiya construction, Taplejung | 1,13,98,616.57 (One crore thirteen Lakhs ninety eight thousands six hundred and sixteen rupees and paisa fifty seven) |

**नि.प्रमुख प्रशासकीय अधिकृत**



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
कर्णाली प्रदेश, सल्यान

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

**(प्रकासित मिति २०७९/०५/२३)**

उपरोक्त सम्वन्धमा यस कार्यालयद्धारा मिति २०७९/२/१० मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार PPMO को E–Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव प्रस्ताव मिति २०७९/०५/३० गते विनको १०:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ३१ को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का न | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| IDO/SLN/W/ NCB/61/78/79 | Construction of Dhorchaur chapdada gairikateri aaplkholi sallibazar road | KSK construction pvt ltd |
| | | Lohani and brothers |
| | | Galwa NNS Bhagawati JV |
| | | Kankai - Janaki JV |
| | | Kharidhunga Hamal JV |
| | | Pushpa Builders and company |
| | | Waiba and Lama-Tirupate JV |
| | | AD builders |
| | | Singh and brothers - Sanskriti JV |
| | | Shyam and shankar Jwala Panchakhosi JV |
| | | MS kuseshwori -Nishan -Sisne hamal JV |
| | | Kashyap Nirman sewa and suppliers |

मध्यान्ह
www.madhyanhadaily.com
२३ भदौ २०७९, बिहीबार
8 September 2022, Thursday

## सम्पादकीय

# समावेशिताको मुना ननिमोठियोस्

आगामी मंसिर ४ मा हुने प्रदेश र प्रतिनिधिसभा सदस्यको चुनावका लागि सबैजसो राजनीतिक दलका तल्ला तहका कमिटीहरूले उम्मेदवारका नाम सिफारिस गने क्रम जारी छ । नेकपा एमाले, नपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी लगायतका पार्टीहरूमा उम्मेदवार बन्ने कार्यकर्ताको होड देखिन्छ । तर उम्मेदवार सिफारिसमा समावेशितालाई ख्याल गरिएको छैन् । शीर्ष नेताहरूलाई धेरै ठाउँबाट सिफारिस भएका छन् । जसपाका अध्यक्ष उपेन्द्र यादव एक दर्जन वरिपरी निर्वाचन क्षेत्रका लागि उम्मेदवार सिफारिसमा परेका छन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेपाली कांग्रेसका महामन्त्री गगन थापा लगायतका नेताहरु पनि आधा दर्जन बढी क्षेत्रबाट सिफारिसमा परेका छन् । तर सिफारिस गर्दा अधिकांश ठाउँमा पुरूषहरूको अनुहार देखा परेको छ । महिला उम्मेदवार प्रत्यक्षमा न्यून रूपमा मात्रै सिफारिसमा परिरहेको देखिन्छ ।

राजनीतिक दलका केन्द्रीय कमिटीहरूले आधिकारिक रूपमा पठाएका पत्रहरूमा समावेशिता ख्याल गरेर उम्मेदवार सिफारिस गर्न भनेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र सहितका दलहरूले एक निर्वाचन क्षेत्रबाट तीन जनाको नाम सिफारिस गर्न र ३ जनामा एक जना महिला अनिवार्य पठाउन भनेको छ । धेरै व्यक्तिको नाम सिफारिस भए टिकट पाउने सम्भावना कम हुने भन्दै सबैजसो पार्टीका तल्ला कमिटीहरूले एक जना/दुई जनाको नाम सिफारिस गर्ने प्रवृति ज्यादा छ । शीर्ष नेताहरूकै हकमा पनि त्यस्तै भएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली, प्रधानमन्त्री समेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष प्रचण्डले अघिल्लो पटक जितेको निर्वाचन क्षेत्रबाट एकल सिफारिस पाएका छन् । शीर्ष नेताहरूकै हकमा समावेशिताको ख्याल नगरी उम्मेदवारको नाम सिफारिस भएको छ । यसले दलहरूले उम्मेदवार सिफारिसमै अपनाउन खोजेको समावेशिताको मर्मको उलङ्घन भएको छ ।

